# अन्तरिम संविधान मस्यौदा समितीको प्रतिवेदन २०६३

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा मिति २०६३।३।२ मा सम्पन्न तेस्रो वार्ताको सहमति अनुसार सोही मितिमा अन्तरिम संविधान मस्यौदा समिति गठन भएको हो । शुरुमा एकजना संयोजकसहित ६ सदस्यीय समिति गठन भएकोमा मिति २०६३।३।३१ गतेको नेपाल सरकार र ने.क.पा (माओवादी)का बीच भएको सहमति अनुसार ९ जना सदस्यहरु थप गरी उक्त समितिलाई १५ सदस्यीय बनाइयो । सोही मितिमा भएको अर्को सहमति अनुसार समितिको लागि शुरुमा तोकिएको १५ दिनको कार्यावधिमा १० दिन थप गरी २०६३।३।२१ गतेबाट २५ दिन कायम गरिएको थियो । साथै समितिमा एकजना दलित अधिवक्ता समेतको प्रतिनिधित्व गराइने उक्त मितिको सहमति अनुसार मिति २०६३।४।१४ गतेको नेपाल सरकार र ने.क.पा. (माओवादी)का वीचको वैठकको निर्णय अनुसार मस्यौदा समितिमा पुनः १ जना सदस्य थप गरी समितिलाई देहाय बमोजिम १६ सदस्यीय कायम गरियो ।

| | | |
|---|---|---|
| १. | श्री लक्ष्मण अर्याल | संयोजक |
| २. | श्री सिन्धुनाथ प्याकुरेल | सदस्य |
| ३. | श्री महादेव यादव | ,, |
| ४. | श्री हरिहर दाहाल | ,, |
| ५. | श्री शम्भु थापा | ,, |
| ६. | श्री खिमलाल देवकोटा | ,, |
| ७. | श्री अग्नि खरेल | ,, |
| ८. | श्री पुष्पा भुसाल | ,, |
| ९. | श्री सुशिला कार्की | ,, |
| १० | श्री छत्र कुमारी गुरुङ | ,, |
| ११. | श्री शान्ता राई (शान्ति कुमारी राई) | ,, |
| १२. | श्री सुनिल प्रजापति | ,, |
| १३. | श्री पर्शुराम झा | ,, |
| १४. | श्री चण्डेश्वर श्रेष्ठ | ,, |
| १५. | श्री कुमार योञ्जन तामाङ्ग | ,, |
| १६. | श्री मीनबहादुर विश्वकर्मा | ,, |

२०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेको जनअधिकार, सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र २०६२।६३ को ऐतिहासिक जनआन्दोलनतबाट प्राप्त  लोकतान्त्रिक अधिकारहरु सुनिश्चित गर्दै मिति २०६३।२।१२ मा नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सहमति भएको आचार संहिताको प्रस्तावनाको भावना अनुरुप अन्तरिम संविधानको मस्यौदा तयार गरी वार्ताटोली समक्ष प्रस्तुत गर्ने कार्यदेश दिइएको थियो ।

उपयुक्त कार्यदेशलाई मूल आधार मानी ऐतिहासिक जनआन्दोलन २०६२।६३ को महत्वपूर्ण उपलव्धीहरुलाई संस्थागत गर्दै थप अधिकारका निम्ति मार्ग प्रशस्त गर्ने महत्वपूर्ण जिम्मेवारीलाई निर्वाह गर्नुपर्ने कुरामा सहमत भई समितिले आफ्नो कार्य प्रारम्भ गरेको थियो ।

अन्तरिम संविधान निर्माणमा सकेसम्म व्यापक जनसहभागिता जुटाई संविधानलाई जनभावना अनुरुप बनाउनको लागि समस्त नेपाली जनता, राजनीतिक दलहरु, नागरिक समाज, मानवअधिकारवादी संघ संस्थाहरु, सबै पेशागत संगठनहरु, महिला संघ  संगठनहरु / आदिवासी जनजाती / संघ संस्थाहरु, दलित संघ संस्थाहरु विद्यार्थी संघ संगठनहरु, जनवर्गिय संगठनहरु, पेशाकर्मी तथा वुद्धिजीवीहरुसँग अन्तरिम संविधानसंग सम्बद्ध विषयहरुमा लिखित एवं मौखिक रुपमा आ आफ्नो राय सल्लाह एवं सुझाव दिई सहयोग गर्न मस्यौदा समितिले गरेको आव्हान अनुरुप मिति २०६३।४।२३ गते सम्म जम्मा ८१६ सुझावहरु प्राप्त भएका जसमध्ये व्यक्तिगत ३०७ समूहगत २३ र संस्थागत ४८६ रहेका छन् ।

अन्तरिम संविधान मस्यौदा समिति गठन भएकै मितिदेखि २०६३।४।२३ सम्म जम्मा ३२ वटा वैठकहरु बसी  र अन्तरिम संविधानमा समावेश हुने विभिन्न विषयहरुमा छलफल गरिएको  थियो ।

समितिको काम कारवाहीलाई व्यवस्थित बनाई अगाडि बढाउने प्रयोजनको लागि समितिका सम्पूर्ण सदस्यहरुलाई २ समूह (समूह क र समूह ख) मा विभाजन गरी प्रत्येक समुहमा छलफल गरिने विषयहरु छुट्टाई अन्तमा सबै विषयहरुमा पूर्ण वैठकमा छलफल गरी धेरै जसो विषयहरुमा सहमतिमा पुगिएको र केही विषयहरुमा सहमतिमा पुग्ने प्रयास भएको थियो । समूह विभाजन र प्रत्येक समूहमा छलफल गरिएका विषयहरु देहायबमोजिम रहेको थियो :-

<u>समूह “क” मा रहेका सदस्यहरु</u>

(१) श्री लक्ष्मण अर्याल

(२) श्री सिन्धुनाथ प्याकुरेल

(३) श्री हरिहर दाहाल

(४) श्री अग्नी खरेल

(५) श्री पुष्पा भुसाल

(६) श्री सुनिल प्रजापति

(७) श्री पर्शुराम झा

समूह "क" मा छलफल भएका विषयहरु

- व्यवस्थापन विधि
- आर्थिक कार्य प्रणाली
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- महालेखा परीक्षक
- लोकसेवा आयोग
- निर्वाचन आयोग
- राजनीतिक संगठन
- राष्ट्रिय मानव अधिकार आयोग
- संकटकालीन अधिकार
- संविधान संशोधन
- संविधान सभा (निर्वाचन प्रकृया वाहेक)
- संविधान सभा अदालत
- विविध

समूह "ख" मा रहेका सदस्यहरु

(१) श्री महादेव यादव

(२) श्री शम्भु थापा

(३) श्री खिमलाल देवकोटा

(४) श्री शुशिला कार्की

(५) श्री छत्र गुरुङ

(६) श्री शान्ता राई (शान्ति कुमारी राई)

(७) श्री चण्डेश्वर श्रेष्ठ

(८) श्री कुमार योन्जन तामाङ्ग

समूह “ख” मा छलफल भएका विषयहरु

- प्रस्तावना
- प्रारम्भिक
- राज्यका दायित्व
- राज्यका सिद्धान्त र नीतिहरु
- नागरिकता
- मौलिक हक
- न्यायपालिका
- महान्यायाधिवक्ता

समितिका सदस्य श्री मीन वहादुर विश्वकर्मा मिति २०६३।४।१४ बाट मात्र समितिमा सहभागी हुनु भएको हुँदा उहाले समितिको पूर्ण वैठकमा मात्र भाग लिनु भएको थियो ।

पूर्ण वैठकमा छलफल भई सहमतिमा पुगिएका विषयहरु

- मौलिक हक
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- आर्थिक कार्य प्रणाली
- व्यवस्थापिका (गठन विधि राजनैतिक सहमतिले टुङ्गो लगाउनु पर्ने)
- कार्यपालिका
- व्यवस्थापन विधि
- महालेखा परीक्षक
- लोक सेवा आयोग
- निर्वाचन आयोग
- राष्ट्रिय मानव अधिकार आयोग
- महान्यायाधिवक्ता
- राजनीतिक संगठन
- संकटकालीन अधिकार
- संविधान सभा (निर्वाचन प्रणाली राजनैतिक सहमतिले टुङ्गो लगाउनु पर्ने)
- संविधान संशोधन

- न्यायपालिका
- सेना सम्बन्धी
- प्रस्तावना
- प्रारम्भिक
- राज्यका दायित्व
- राज्यका सिद्धान्त र नीतिहरु
- राजा
- नागरिकता (प्रस्तावित मसौदा छलफल भई टुङ्गो नलागेकोले अन्तिम छलफल भई राजनैतिक सहमतिबाट टुङ्गो लगाउनु पर्ने)
- संक्रमणकालिन व्यवस्था
- विविध

**अन्तरिम संविधानका प्रमुख विशेषताहरुः**

प्रस्तुत संविधानको मस्यौदा तयार गर्दा २०६२ साल मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच भएको समझदारी तथा २०६३।३।२ गते ती दलहरुबीच भएको सहमतिहरु, विभिन्न राजनीतिक दल, पेशागत संघ संगठन, राजनीतिक दलका भातृ संगठन, सञ्चार माध्यम, नागरिक समाजबाट प्राप्त सुझावहरु लगायत अन्य संस्थागत र व्यक्तिगत सुझाव समेतलाई आधार बनाइएको छ । साथै लोकतान्त्रिक पद्धतिका आधारभूत मान्यता र सिद्धान्तलाई पनि यसमा आत्मसात गर्ने प्रयास गरिएको छ । यसरी तयार गरिएको यस संविधानमा प्रमुख विशेषताहरु यस प्रकार छन:

१. पूर्ण लोकतान्त्रिक शासन पद्धति,
२. नेपाली जनतामा निहित सार्वभौमसत्ता रा राजकीय सत्ता,
३. राज्यको पुनर्संरचना उन्मुख,
४. समावेशी शासन प्रणाली,
५. मौलिक हक र मानव अधिकारको विस्तार,
६. कानूनी राज्यको अवधारणा,
७. संविधान सभाको निर्वाचनबाट आगामी संविधान निर्माण गर्ने व्यवस्था,
८. शक्ति पृथकीकरण,
९. स्वतन्त्र न्यायपालिकाको अवधारणा ।

मस्यौदाको क्रममा विभिन्न सदस्यहरु वीच फरक मत भएका विषयहरुलाई कोष्ठ चिन्ह भित्र राखिएको छ ।

साथै समितिका सदस्यहरुका पृथक राय समेत संलग्न छन् ।

उपर्युक्त बमोजिमको छलफल र सहमतिका आधारमा तयार भए जति अन्तरिम संविधानको प्रारम्भिक मसौदा यसैसाथ छ । साथै मसौदा समितिलाई प्राप्त सुझावहरु र छलफलको रेकर्ड एवं निर्णय पुस्तिका संलग्न छ ।

अन्तमा, यस अन्तरिम संविधान मस्यौदा समितिले आव्हान गरे बमोजिम आ आफ्ना सुझावहरु दिई सहयोग गर्नुहुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । त्यसैगरी समितिको काम कारवाहीमा विभिन्न तवरबाट सहयोग पुऱ्याउने प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, शान्ति सचिवालय, दुवै वार्ता टोली, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, र ती निकायहरुबाट यस समितिमा खटिई सहयोग गर्नु भएका कर्मचारीहरु एवं समिति प्रति सद्भाव राखी सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद दिन चाहान्छौं ।

श्री लक्ष्मणप्रसाद अर्याल
संयोजक

| | | |
|---|---|---|
| श्री सिन्धुनाथ प्याकुरेल<br>सदस्य | श्री महादेव यादव<br>सदस्य | श्री हरिहर दाहाल<br>सदस्य |
| श्री शम्भु थापा<br>सदस्य | श्री खिमलाल देवकोटा<br>सदस्य | श्री अग्नि खरेल<br>सदस्य |
| श्री पुष्पा भुसाल<br>सदस्य | श्री सुशिला कार्की<br>सदस्य | श्री छत्र कुमारी गुरुङ<br>सदस्य |
| श्री शान्ता राई (शान्ति कुमारी राई)<br>सदस्य | श्री सुनिल प्रजापति<br>सदस्य | श्री पर्शुराम झा<br>सदस्य |
| श्री चण्डेश्वर श्रेष्ठ<br>सदस्य | श्री कुमार योञ्जन तामाङ्ग<br>सदस्य | श्री मीनबहादुर विश्वकर्मा<br>सदस्य |

२०६३।५।९ गते शुक्रबार

## अन्तरिम संविधान मस्यौदा समितिमा खटिई सहयोग पुऱ्याउने कर्मचारीहरुको नामावली

| | | |
|---|---|---|
| १. | श्री विद्याधर मल्लिक | सचिव, शान्ति सचिवालय |
| २. | श्री जनकराज जोशी | सचिव, शान्ति सचिवालय (२०६३।४।२९ देखि) |
| ३. | श्री माधवप्रसाद पौडेल | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४. | श्री मोहनप्रसाद बन्जाडे | सहसचिव, शान्ति सचिवालय |
| ५. | श्री बाबुराम रेग्मी | सहसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ६. | श्री रञ्जनकृष्ण अर्याल | सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ७. | श्री बासुदेव न्यौपाने | उपसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ८. | श्री सूर्यबहादुर थापा | उपसचिव, शान्ति सचिवालय |
| ९. | श्री लेखनाथ ज्ञवाली | शाखा अधिकृत, शान्ति सचिवालय |
| १०. | श्री भविश्वर पाण्डे | शाखा अधिकृत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ११. | श्री सीताराम ढुङ्गेल | कम्प्यूटर अपरेटर, शान्ति सचिवालय |
| १२. | श्री रघुनाथ थापा | नायब सुब्बा, शान्ति सचिवालय |
| १३. | श्री शारदादेवी श्रेष्ठ | नायब सुब्बा, सामान्य प्रशासन मन्त्रालय |
| १४. | श्री धनबहादुर बम | नायब सुब्बा, सामान्य प्रशासन मन्त्रालय |
| १५. | श्री कपिलप्रसाद उपाध्याय | टा.ना.सु., प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १६. | श्री ईश्वरी तिवारी | खरिदार, सामान्य प्रशासन मन्त्रालय |
| १७. | श्री लक्ष्मी बैद्य | टा. खरिदार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| १८. | श्री बाबुकाजी श्रेष्ठ | सवारी चालक, शान्ति सचिवालय |
| १९. | श्री कुमारप्रसाद तिमिल्सिना | पियन, शान्ति सचिवालय |
| २०. | श्री रञ्जु अर्याल | पियन, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| २१. | श्री खेमबहादुर के.सी. | पियन, शान्ति सचिवालय |